आ.व. २०८०।०८१

बैठक:- नगर कार्यपालिका बैठक

अध्यक्षता:- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

बैठक नं. ०६।०८०।०८१

मिति:-२०८०।०६।१९गते

स्थान:- ता.न.पा मिनिहल

समय:- बिहान ८ .०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा. २ | सदस्य |
| | श्री बाबुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा ६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

CS CamScanner

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री ~~जीवन ज्ञवाली~~ दुर्गा ब. थापा | नि. प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |

श्री चेत बहादुर थापा - का.वा.वडा अध्यक्ष

**निर्णय नं. १**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्रोत परिचालन शाखाको च.नं. ३१ मिति २०८०।९।५ गतेको पत्रबारे बैठकमा जानकारी भयो । नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम (Innovative Local Economic Development Programme-ILEDP) तर्फ स्थानीय आर्थिक विकासको लागि कृषि उत्पादन तथा बजारीकरण लगायत अन्य सम्भाव्य आयोजना सञ्चालन गर्न गरी उक्त कार्यक्रममा सहभागी हुने निर्णय गरियो । मन्त्रालयद्वारा स्वीकृत गरी उपलब्ध गराइएको नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० का आधारमा आयोजना कार्यान्वयनको लागि लागत साझेदारी (७५:२५) अनुरुप यस नगरपालिकाबाट कुल बजेटको २५ प्रतिशत लागत साझेदारी गर्ने र कार्यविधिको पूर्ण पालनाको प्रतिबद्धता गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तानसेन नगरपालिकाको मिति २०८०।०६।२९ को निर्णय नं. ३ बमोजिम खानपानीको मुहानको लागि जग्गा प्राप्ति सम्बन्धमा यस अघी नै निर्णय गरी अनुरोध साथ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइसकिएको छ । उक्त सम्बन्धमा तानसेन नगरपालिका वडा नं. ५ (साबिक बन्दीपोखरा १) खल्डुकबोट भन्ने स्थानमा परशुराम रानाको नाममा दर्ता कायम रहेको कित्ता नं. १४१३ को क्षेत्रफल १-९-०-० जग्गा (पूर्वमा कित्ता नं. १४१२, पश्चिममा खोला, उत्तरमा खोला र कित्ता नं. १४१२ तथा दक्षिणमा कित्ता नं. १६२ चारकिल्ला भित्रको) खानेपानी मुहान प्रयोजनको लागि प्राप्त गर्न आवश्यक देखिएकोले उक्त जग्गा प्राप्तिको लागि नेपाल सरकार, मन्त्री परिषदबाट निर्णय गराउन आवश्यक सहयोगको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पुन अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

तानसेन नगरपालिकाको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने क्लब, समुदायमा आधारित संघ संस्था, आमा समूह, अन्य समूह, अध्ययन केन्द्र लगायत आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रको विकासमा काम गर्ने संस्थाहरुको नियमन गर्नको लागि तानसेन नगरपालिकाको संस्था दर्ता विधेयक, २०८० स्वीकृत गरी चौधौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

तानसेन नगरपालिकाको १४ औं नगरसभा २०८० पौष २६ गते बिहिबारका दिन दिनको १ बजे आह्वान गर्ने निर्णय गरियो । यसको आवश्यक व्यवस्थापकीय कार्यको लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

तानसेन नगरपालिका वडा नं. ९ को जग्गाको सम्बन्धमा च.नं.२६६२६, मिति २०८०।८।१३ को अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल र सोही विषयको सम्बन्धमा च.नं.१४५२, मिति २०८०।८।२९ को जिल्ला प्रशासन कार्यालय, पाल्पाको पत्रबारे बैठकमा जानकारी भयो । यस सम्बन्धमा नियमानुसारको कार्य अगाडी बढाउन देहाय बमोजिमको प्राविधिक समिति गठन गर्ने र उक्त

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

समितिबाट आवश्यक अध्ययन विश्लेषण गरी आजका मितिले ७ दिन भित्र नगरपालिकामा प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो।

देहाय :

| | | | |
|---|---|---|---|
| श्री शिव शर्मा | इन्जिनियर | तानसेन नगर कार्यपालिकाको कार्यालय | संयोजक |
| श्री दिपेश घिमिरे | ईन्जिनियर | "" "" | सदस्य |
| श्री लक्ष्मण घिमिरे | अमिन | "" "" | सदस्य |

**निर्णय नं. ६**

तानसेन नगरपालिकाको बजार तथा आवाशीय क्षेत्रको फोहरमैला व्यवस्थापनको कार्य नगरपालिकाबाटै गर्ने गरी तानसेन नगर कार्यपालिकाको कार्यालय, पाल्पा र वातावरणीय सुन्दर नेपाल प्रा.लि. रुपन्देही बीच भएको सम्झौता रद्द गरिएको बिषयमा उक्त प्रा.लि.बाट सो कामको निरन्तरताको दावी नगर्ने सहमति गरिएकोले सम्झौता बमोजिमको क्षतिपूर्ति बापत चालु आ.व.को नगर विकास योजनाको अनुसूची-६ को **फोहरमैला तथा ल्याण्ड फिल्डसाईट व्यवस्थापन** शिर्षकबाट रु. ५००००० (अक्षेरुपी पांच लाख रुपैया मात्र) नगर प्रमुखज्यूको निर्णयबाट भुक्तानी दिएको रकम अनुमोदन गर्ने निर्णय गरियो । साथै उक्त कम्पनील यस कार्यको लागि राखेको जमानत बापतको रकम रु. ५००००० (अक्षेरुपी पांच लाख रुपैया मात्र) फिर्ता दिएको रकम समेत अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तानसेन नगरपालिकाको चालु आर्थिक वर्ष ०८०।०८१को मंसीर मसान्तसम्मको आम्दानी रु. २५,४४,४९,०५९। र खर्च रु.१७,६५,३८,४४३। बराबरको विवरण स्वीकृत गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तानसेन नगरपालिकाबाट घर नक्शासंग सम्बन्धित कार्यलाइं प्रभावकारी र व्यवस्थित बनाउन नगर विकास कोषको सहयोगमा eBPS प्रणाली लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस कार्यालयको शिक्षा शाखामा कार्यरत शिक्षा अधिकृत (अधिकृत छैठौं) श्री कोपीला न्यौपानेलाई सेवाकालीन तालिममा मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

तानसेन नगरपालिकाको चालु आ.व.०८०।०८१ को नगर विकास योजनामा उल्लेख भएका र हालसम्म सम्झौता नभएका योजनाहरुलाई उस्तै प्रकृतिका देहायका योजना तथा कार्यक्रमहरु संसोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

देहाय:

**योजना शंसोधन**

| सि.नं. | वडा नं. | साविकको योजनाको नाम | विनियोजित रकम | परिवर्तन गर्ने योजनाको नाम | विनियोजित रकम |
|---|---|---|---|---|---|

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| १ | १ | लायन्स धर्मशाला मुनी चौपारी निर्माण | १५०००० | वडा कार्यालय नजिकै चौपारी निर्माण | १५०००० |
| २ | ३ | मिना कुमाल समेत सात घरमा ढल व्यवस्थापन तथा बाटो मर्मत | ५००००० | सन्तोष श्रेष्ठको घर देखि कपितानियो निस्कने अधुरो बाटोमा थप निर्माण | ४००००० |
| | | | | गणेश प्रिन्टिङ्ग प्रेस देखि ठाडो बाटोमा हुदै फलामको बिट । पट्टी। र बालुवा बैजुको घर अगाडि स्टिल रेलिङ्ग राख्ने | ७५००० |
| ३ | ३ | रमेशराज बज्राचार्यको घर हुदै रातो घरको गेट निरको ढल व्यवस्थापन | १५०००० | ता.न.पा.३ को कार्यालयको ठाडो बाटोमा रेलिङ्ग | ७५००० |
| ४ | ३ | घिमिरे हार्डवयरको घर अगाडि पार्किङ्ग स्थल निर्माण | १००००० | ढल तथा बाटो मर्मत | २००००० |
| ५ | ३ | सुनिता श्रेष्ठको घर देखि आखां अस्पताल जाने ठाडो बाटो फराकिलो गर्ने | १००००० | टक्सार महाचैत्य विहारमा चैत्य निर्माणमा रङ्गरोगन | १००००० |
| ६ | ३ | संस्कृती सम्पदा जात्रा महोत्सव | ३६०७६ | खेलकुदको लागि | ५००७६ |
| ७ | ३ | ता.न.पा.३ मा सडक बत्ती तथा ढल | १४००० | | |
| | | | ९०००७६ | | ९०००७६ |
| ८ | ५ | तालिको पधेरो मर्मत तथा निर्माण | २००००० | साबिक ता. न. पा. वडा नं. १२ मा खानेपानी पाइप खरिद | २००००० |
| ९ | ५ | चिउरीबोट खानेपानी योजनाको पाईपलाईन खन्ने | | सपाङ्गदी देखि लसुनसम्मको बाटो खन्ने | |
| १० | ७ | फलामे कल्भट निर्माण | ४४९३६३ | बेलगैराम पक्की पुल निर्माण | ४४९३६३ |
| ११ | ८ | भालेबास सार्वजनिक शौचालय निर्माण | ५०००० | मौरीखर्क गेफा लिफ्ट खा.पा.तथा सरसफाइ | ५०००० |
| १२ | ८ | शारदा थापाटोल रानडाडा मो.बा. ट्याक निर्माण | ६६५७२ | ठकुरीबारी देखि कार्की टोल जाने मो.बा.स्तरोन्नती | ६६५७२ |

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ११६५७२ | | ११६५७२ |
| १३ | १० | स्याउखोली खरखरेडाडाको नयां ट्र्याक खोल्ने | १००००० | वगरधारी खहरेडांडा मो.वा. | १००००० |
| १४ | १० | भयरस्थान सुरुङ्गतुङ्ग मो.वा. स्तरोन्नती | २००००० | जरेपिपल ढडाहा मो.वा. | २००००० |
| १५ | १० | गणशाल स्यालपोखरी मो.वा. स्तरोन्नती | १५०००० | गणशाल स्यालपोखरी मो.वा. स्तरोन्नती र धारादेखि खानेपानी ट्यांकीसम्म पैदल मार्ग स्तरोन्नती | १५०००० |
| १६ | १० | वेसारेखोला खा.पा. टंकी निर्माण | १००००० | वडा कार्यालय गणशाल मो.वा. स्तरोन्नती | १००००० |
| | | | ५५०००० | | ५५०००० |
| १७ | १३ | मिलनसार सामाजिक महिला उधमी सहकारीलाई तौल मेसिन खरिद | २००००० | उत्पादन मुलक उधमीहरुलाई तौल मेसिन खरिद | २००००० |
| १८ | १३ | साविक ५ मा खेलमैदान निर्माण वाल समेत | १००००० | साविक ५ पैदलमार्ग निर्माण | १००००० |
| १९ | १३ | मुसिपोखरामा मोटरबाटो ग्राभिलिङ्ग | १००००० | साविक ४ को अधुरो सामुदायिक भवन मर्मत | १००००० |
| २० | १३ | शारदा मा.वि देखी अर्चले खोलासम्म विधार्थी हिड्ने पदमार्ग निर्माण रिटेनिङ वाल समेत | २५०००० | शारदा मा.वि.को पुरानो भवन संरक्षण रिटेनिङ्ग वाल समेत | २५०००० |
| | | | ६५०००० | | ६५०००० |
| २१ | १४ | चिदी खानेपानी लिफ्टीङ्ग सम्पन्न | ५००००० | शिव पाण्डेको घर देखि पुरानो बाटो वाल निर्माण | १५०००० |
| | १४ | | | गोपाल पराजुलीकोमा जाने बाटो निर्माण | ५०००० |
| | १४ | | | ध्रुवको घर देखि शंकर पाण्डेको घरसम्म मो.वा. | ५०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | खोरथापे देखि जम्दारखारी नाली निर्माण | १००००० |
| | १४ | | | अर्तुङ्गा घिमिरे कुवर टोल कृषि सडक निर्माण | २००००० |
| | १४ | बाटो लाईनमा विद्युत पोल विस्तार झापस बुटा कटान तथा सडक वत्ति अर्गली | ८००००० | छत्तिवन गोरेटो बाटो निर्माण | १५०००० |
| | १४ | | | देउराली ट्रस अगाडि आगन ढलान | १२५००० |
| | १४ | | | बोलवानी टोल नाली निर्माण | १००००० |
| | १४ | | | सडक वत्ति अर्गली | ३५०००० |
| | १४ | | | वृक्षारोपण | २५००० |
| २२ | १४ | अर्तुङ्गा भल नियन्त्रण व्यवस्थापन | १००००० | अर्तुङ्गा शारु टोल घिमिरे टोल तथा कुवर टोल कृषि गोरेटो बाटो निर्माण | २००००० |
| २३ | १४ | अर्तुङ्गा शारु टोल घिमिरे टोल तथा कुवर टोल कृषि गोरेटो बाटो निर्माण | १००००० | | |
| | | जम्मा | १५००००० | जम्मा | १५००००० |

निर्णय नं. ११

तानसेन नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्वन्धि कार्यविधि २०७४ को अनुसूची ५ वमोजिम आवश्यक योग्यता भएको सम्पूर्ण कागजात पेश गरेका देहाय वमोजिमका निवेदक फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र प्रदान गर्न तानसेन नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सिफारिस समितिवाट सिफारिस भई आएकोले ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

क) फर्मको नाम: टि.टि.आर.एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली.
फर्मको ठेगाना: ता.न.पा. ४, पाल्पा.
प्रोपराईटर: थान बहादुर कुवर मगर
प्रोपराईटरको ठेगाना: बगनासकाली गा.पा. वडा नं. ३, पाल्पा

ख) फर्मको नाम: पाल्पाली राना सिभिल एण्ड सप्लायर्स प्रा.ली.
फर्मको ठेगाना: ता.न.पा. ७, पाल्पा
प्रोपराईटर: देव बहादुर राना मगर
प्रोपराईटरको ठेगाना: रैनादेवी छहरा गा.पा. ५, पाल्पा

ग) फर्मको नाम: पाल्पाली श्रीनगर सिभिल एण्ड सप्लायर्स प्रा.ली
फर्मको ठेगाना: ता.न.पा. ७, पाल्पा,
प्रोपराईटर: विष्णु बहादुर घर्ती
प्रोपराईटरको ठेगाना: ता.न.पा. ५, पाल्पा

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

CamScanner

घ) फर्मको नाम: लक्ष्मण राम मल्टिप्रपोज सप्लायर्स प्रा.ली.
फर्मको ठेगाना: ता.न.पा. ६, पाल्पा
प्रोपराईटर: निलकण्ठ पौडेल
प्रोपराईटरको ठेगाना: पाणिनी गा.पा. २, अर्घाखांची

**निर्णय नं. १२**

तानसेन नगरपालिकामा करारमा कार्यरत कर्मचारीहरुको करार सम्झौताको म्याद २०८० पौष मसान्तमा सकिने हुँदा २०८० माघ १ गतेदेखि २०८१ आषाढ मसान्तसम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

तानसेन नगरपालिका क्षेत्रमा संस्कृति संरक्षण कार्यको लागि आयोजना गरिएको निम्नानुसारका कार्यक्रमको लागि नगर विकास योजनाको संस्कृति संरक्षण शिर्षकबाट निम्नानुसारको रकम प्रदान गर्ने निर्णय गरियो ।

(क) यामोरी पुन्ही रकम रु. २००००।-
(क) रोटी महोत्सव रकम रु. २००००।-

**निर्णय नं. १४**

तानसेन नगरपालिका क्षेत्र फलफूल उत्पादनका लागि खेतीयोग्य र व्यवसायीक कृषक र फलफूलसंग सम्बन्धित सम्भावना रहेको क्षेत्र भएकोले राष्ट्रिय फलफूल विकास केन्द्र कीर्तिपुर काठमाडौंसंग देहायको विवरण स्वीकृत गरी कार्यक्रम माग गर्ने निर्णय गरियो ।

| क.स | कार्यक्रम | माग गरिएको बजेट | कार्यान्वियन |
|---|---|---|---|
| १. | फलफूल दशक कार्यक्रम अन्तर्गत व्यवसायीक फलफूल बगैचा विस्तार | २० लाख | संघिय संशर्त कार्यविधि अनुसार |
| २. | फलफूल नर्सरी स्तरोन्नती | १० लाख | संघिय संशर्त कार्यविधि अनुसार |
| ३. | सुन्तलाजात फलफूल बगैचा सुदृढिकरण | १० लाख | संघिय संशर्त कार्यविधि अनुसार |
| ४. | सामुदायिक वन वा सार्वजनिक जमिनमा कृषि वन प्रणाली स्थापना गर्ने | १० लाख | संघिय संशर्त कार्यविधि अनुसार |

**निर्णय नं. १५**

तानसेन नगरपालिका भित्रका नियमानुसार सूचीदर्ता भई वडास्तरमा मेलमिलापको कार्यमा सहजिकरण गर्दै आएका १४ वटै वडाका ७४ जना मेलमिलाप कर्ताहरुलाई नविकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

तानसेन खानेपानी उपभोक्ता समितिको निर्वाचन, २०८० सफलता पूर्वक सम्पन्न गर्नको लागि प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग प्रदान गर्ने पाल्पा जिल्ला एवं नगरस्तरीय राजनीतिक दल, प्रतिनिधि सभामा माननीय सदस्य ज्यूहरु, प्रदेश सभाका माननीय सदस्य ज्यूहरु, तानसेन नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत तथा निर्वाचन सम्पन्न गर्न नगरपालिकाबाट गठित

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

समितिका पदाधिकारी तथा संलग्न कर्मचारीहरु, उक्त खानेपानी समितिसँग सम्बन्धित आम उपभोक्ताहरु, पत्रकार र सम्बन्धित सरोकारवालारु प्रति धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको च.नं. ३३६, मिति २०८०।९।१७ गतेको प्राप्त पत्रबारे बैठकमा जानकारी भयो । यस सम्बन्धमा तानसेन नगरपालिकाको आगामी आ.व. २०८१ ०८२ को आय व्यय प्रक्षेपणको विवरण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. १८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम तानसेन नगरपालिकाको विपन्न, दलित तथा अल्पसंख्यक समुदाय स्वास्थ्य बिमा कार्यक्रम कार्यविधि, २०७४ (चौथो संशोधन) स्वीकृत गर्ने निर्णय गरियो ।